मिति: २०८२।०९।०२ गते
समय:

बैठक सङ्ख्या : ०७

नगर कार्यपालिकाका नगरप्रमुख श्री भुपेन्द्रकुमार लावती ज्यूको अध्यक्षता र देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बस्यो।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भूपेन्द्र कुमार लावती | नगर प्रमुख/अध्यक्ष | |
| २ | श्री कृष्ण कुमारी निरौला | उपप्रमुख | |
| ३ | श्री बिष्णुकुमार मगर | वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री तेजप्रसाद तिम्सिना | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री नगेन्द्र पराजुली | का.वा.वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री रामकुमार श्रेष्ठ | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री भुमबहादुर सुर्य मगर | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री जंगबीर तामाङ | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री खगेन्द्रबहादुर लिम्बू | वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री भिमप्रसाद पोखेल | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | श्री नन्दप्रसाद खतिवडा | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | श्री अमिता राई | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १३ | श्री चम्पा थापा मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री शोभा बोहरा | कार्यपालिका सदस्य | |
| १५ | श्री पुरणमाया राई | कार्यपालिका सदस्य | पुरणमाया |
| १६ | श्री गीता मगर | कार्यपालिका सदस्य | |
| १७ | श्री ओमप्रकाश वि.क. | कार्यपालिका सदस्य | |
| १८ | श्री गंगामाया विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १९ | श्री माया नेपाली दर्जी | कार्यपालिका सदस्य | माया |
| २० | श्री शशि राई | प्रमुख प्रशासकीय अधिकृत | |

२१. भानु भक्त राई इन्जिनियर

२२. चैतनाथ गौतम अधिकृतस्तर आठौं

२३. रवि सुवेदी सहायकस्तर पाँचौं

२४. प्रल्हाद खड्का नगर प्रमुख सचिवालय

२५. मिप्पन राना मगर का.स.

मिति २०८२/०९/०२ गतेको कार्यपालिका बैठक

| नि.नं. | प्रस्ताव/ विषय | निर्णयहरू |
|---|---|---|
| १ | बैठकको समिक्षा सम्वन्धमा। | गत कार्यपालिका निर्णयहरूको बैठकको समिक्षा गरियो। केहि निर्णयहरू कार्यान्वयन भइसकेको र केहि कार्यान्वयन चरणमा रहेको पाइयो। |
| २ | धन्यवाद ज्ञापन सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं -२ को बालिका जङ्गलमा मृत रूपमा फेला परेको घटनाको अनुसन्धान गरी सत्य तथ्य पत्ता लगाएकोमा जिल्ला प्रहरी कार्यालय मोरङलाई धन्यवाद प्रदान गर्ने। |
| ३ | प्रारम्भिक वातारणीय अध्ययन प्रतिवेदन सम्बन्धमा। | सुङ्देले निर्माण सेवाले पेश गरेको लेटाङ नगरपालिका अन्तर्गतका चिसाङ तेली तथा मोरङ्गे खोलाको वातावरणीय अध्ययन पुनरावलोकन तथा क्रस सेक्सन सम्वन्धी विषयमा छलफल गरी पेश भएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनले देखाए बमोजिम देहायको परिमाणम सहितको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन स्विकृत गरी तल बुदा नं ३ किर्तिमान कमलपुर नाकाको ४१६०० घन मि परिमाण बाहेकको सम्पूर्ण परिमाण ठेक्का बन्दोबस्त गर्नका लागि नगरकार्यपालिकाको कार्यालयलाई अनुमती प्रदान गर्ने। |

<u>देहायः</u>

| क्र.स | उत्खनन् क्षेत्र | वडा | उत्खनन् गर्न मिल्ने परिमाण (घ.मि) |
|---|---|---|---|
| १ | चिसाङ्ग क नाका | २, ३ | ७१७६० |
| २ | चिसाङ्ग ख नाका | २, ३ | ७३८४० |
| ३ | किर्तिमान- कमलपुर नाका | २, ३ | ४१६०० |
| ४ | मोरङ्गी नाका | ५,९ | १७६४० |
| ५ | पापु गौडा नाका | ८, ९ | ३४८९२ |
| ६ | मोटा गौडा नाका | ८ | २५३४४ |
| कुल जम्मा | | | २६५०७६ |

| नि.नं. | प्रस्ताव/ विषय | निर्णयहरू |
|---|---|---|
| ४ | स्थानीय प्राथमिकता प्राप्त आयोजना कायम गर्ने सम्वन्धमा । | स्वास्थ्य सेवा नागरिकको आधारभुत आवश्यकता भएको, नगरपालिकाको आफ्नै स्वामित्वमा अस्पताल वनाउन सकिने गरी जमिन नभएको, हाल निर्माण गरिने स्थान अत्यन्त उपयुक्त स्थानमा रहेको, वनक्षेत्र जनिएतापनि रुखबुट्टा नभएको, अस्पताल बने पश्चात सो क्षेत्रको सार्वजनिक उपयोग तथा संरक्षण समेत हुने भएको तथा अस्पताल निर्माणको लागि अन्य विकल्प समेत नभएको हुदा लेटाङ नगरपालिका ५ मा रहेको उक्त स्थानमा अस्पताल निर्माण गर्ने प्रयोजनका लागि र पर्यटकीय पूर्वाधार विकास प्रयोजनका लागि अन्तरधार्मिक शान्ती पार्कलाई स्थानीय प्राथमिकता प्राप्त आयोजना कायम गर्ने र नेपाल सरकारलाई स्थानीय प्राथमिकता प्राप्त आयोजना सिफारिस गरिदिन कोशी प्रदेश सरकारलाई अनुरोध गर्ने ।<br><u>तपसिलः</u><br>१. १० शैयाको आधारभुत अस्पताल निर्माण, लेटाङ-५<br>२. अन्तरधार्मिक शान्ती पार्क, वडा नं-१ |
| ५ | १० शैया | १० शैया अस्पतालको कार्य सम्पन्न चरणमा रहेतापनि स्वास्थ्य मन्त्रालयवाट |

| | | |
|---|---|---|
| | अस्पतालको म्याद थप सम्वन्धमा । | रकमको सुनिश्चितता भई नसकेको हुँदा २०८२ साल फागुन मसान्त सम्म म्याद थप गर्ने र आवश्यक रकम स्वास्थ्य मन्त्रालयसंग माग गर्ने। |
| | कार्यविधि सम्वन्धमा। | लेटाङ नगरपालिकामा कार्यरत प्राविधिक लगायतका कर्मचारीहरुलाई प्रोत्साहित गर्न प्रोत्साहन कार्यविधि २०८२ स्विकृत गर्ने। |
| ७ | स्रोत ब्यवस्थापन सम्वन्धमा । | १. लाख लोखरा सडक कालोपत्रे गर्ने सम्वन्धी ठेक्का ब्यवस्थापन हुँदा नपुग हुने रकम भैपरी आउने पुजिगत खर्च शिर्षकवाट ब्यवस्थापन गर्ने र सो को अनुमोदन आगामी नगरसभावाट गर्ने । स्रोत- भैपरी आउने पुँजिगत खर्च / रकम रु ४८९७१९।०० <br> २. बुध्द मार्ग कालोपत्रे गर्ने सम्वन्धी ठेक्का ब्यवस्थापनका क्रममा भैपरी आउने पुजिगत खर्च शिर्षकवाट ब्यहोर्ने गरी अगाढी बढाईएको खरिद कार्यको लागि अपुग हुने रकम भैपरी आउने पुजिगत खर्च शिर्षकवाट ब्यवस्थापन गर्ने र सो को अनुमोदान आगामी नगरसभावाट गर्ने । स्रोत – भैपरी आउने पुजिगत खर्च / रकम रु १२०७२२।०० <br> ३. भेटनरी औषधि खरिद सम्वन्धी ठेक्का व्यवस्थापनका लागि अपुग हुने रकम रू२०७०००/- पशुसेवा शाखाको कार्यक्रम घुम्ती शिविर संन्चालन खर्च शिर्षकबाट भुक्तानी प्रदान गर्ने। |
| ८ | श्रोत सुनिश्चितता सम्बन्धमा। | १. एक वडा एक नगर गौरवको योजना अन्तरगत ४ नं वडा अन्तरगत ईन्टरलक पेभिङ शिर्षकको कार्यका लागि लागत अनुमान रु ३२२२३१४।६२ तयार भएको तर विनियोजित रकम रु २५०००००।०० मात्र रहेको हुनाले नपुग हुने रकम भैपरी आउने पुजिगत खर्च शिर्षकवाट ब्यवस्थापन गर्ने गरी श्रोत सुनिश्चितता गर्ने। <br> २. पानी टंकी देखि लम्साल टोल जाने बाटो कालोपत्रे कालो पत्रे कार्यका लागि कुल लागत अनुमान रु ६१५०८८९।०० रहेको तथा वडा नं २ को एक वडा एक नगर गौरव अन्तरगत रु २५०००००।०० र संघीय शसर्त अन्तरगत रु २५०००००।०० गरी कुल ५००००००।०० मात्र स्रोत सुनिश्चितता भएकोले नपुग हुने रकम भैपरी आउने पुजिगत खर्च शिर्षकवाट ब्यवस्थापन गर्ने गरी श्रोत सुनिश्चितता गर्ने। <br> ३. वडा नं ९ को एक वडा एक नगर गौरवको योजना अन्तरगत सिचाई पैनी निर्माण सम्वन्धी लागत अनुमान रु ३११२१४५।३७ रहेको तथा स्रोत सुनिश्चितता रकम रु २५०००००।०० मात्र रहेकोले नपुग हुने रकम भैपरी आउने पुजिगत खर्च शिर्षकवाट ब्यवस्थापन गर्ने गरी श्रोत सुनिश्चितता गर्ने। <br> (क्र.सं.१,२,३ मा भैपरी आउने पुँजिगत खर्च शिर्षकबाट अपुग रकम आगामी हिउँदे नगरसभाबाट सुनिश्चित गर्ने। |
| ९ | खरिद कार्यको अधिकार प्रत्यायोजन | लेटाङ नगरपालिकाको ९ वटै वडा कार्यालयहरूलाई बार्षिक स्विकृत कार्यक्रमको अधिनमा रहि १ लाख सम्मको PAMS सम्बन्धी सम्पूर्ण कार्य गर्नका लागि अधिकार प्रत्यायोजन गर्ने। |

| | | |
|---|---|---|
| १० | राष्ट्रिय योजना आयोगको सूचना बमोजिम योजना छनौट गरि पठाउने सम्वन्धमा | राष्ट्रिय योजना आयोगको मिति २०८२/०८/२६ गतेको सूचना बमोजिम समपुरक तथा विषेश अनुदान योजनाका लागि तपसिल बमोजिमका योजना छनौट गरी प्राथमिकताक्रम बमोजिम प्रस्ताव गर्ने निर्णय गरियो।<br>**समपुरक अनुदान अन्तर्गत योजना प्रस्ताव:**<br>१.लेटाङ ७ बाराजी क्षेत्र पर्यटन पूर्वाधार निर्माण<br>२.नगर पर्यटन क्षेत्र सूचना केन्द्र निर्माण (प्रमुख प्रवेशद्वार)<br>**विशेष अनुदान अन्तर्गत योजना प्रस्ताव:**<br>१. जाँते खानेपानी आयोजना |
| ११ | बजेट बिनियोजन सम्बन्धमा। | 1. लेटाङ नगरपालिकामा अवस्थित किराँत याक्थुङ् चुम्लुङ लाई चासोक तङ्नाम पर्व मनाउनका लागि आर्थिक सहयोग माग भई आएकोमा उक्त कार्यका लागि रू२५०००/- प्रदान गर्ने। (श्रोतः विभिन्न भाषा, कला, साहित्य, संस्कृति तथा पर्व मेला उत्सव, महोत्सव संरक्षण तथा प्रवर्धन विविध कार्यक्रम खर्च)<br>2. लेटाङ नगरपालिका वडा नं- ६ मा अवस्थित भुवा चिसाङ सिंचाई जल उपभोक्ता संस्थाको भवनमा ट्रस्ट लगाउने कामका लागि ५ नं वडाले १ लाख, ६ नं वडाले १ लाख, भुवा पैनीको १ लाख, बिनियोजन गरेकोमा प्राविधिक लागत अनुमान बमोजिम अपुग रू३ लाख बिनियोजन गर्ने। (श्रोतः भैपरी आउने पुँजिगत खर्च)<br>3. लेटाङ नगरपालिका वडा नं ९ को वडा कार्यालय भवन उद्घाटन कार्यक्रम संचालनका लागि रू १ लाख बजेट बिनियोजन गर्ने। (श्रोतः कार्यक्रम खर्च नगरस्तरिय)<br>4. लेटाङ नगरपालिका वडा नं १ लोखरा सिंचाई पैनी तथा बाध निर्माण उपभोक्ता समितिलाई मुहान संरक्षणको लागि प्राविधिक स्टमेट बमोजिम रू१,२५,०००/- बिनियोजन गर्ने। (श्रोतः निर्मित पैनीहरूको मर्मत संभार)<br>5. लेटाङ नगरपालिका वडा नं ५ को करबोटे सिचाई पैनी मर्मत संभारका लागि रू२,३६,०००/- बजेट बिनियोजन गर्ने। (श्रोतः निर्मित पैनीहरूको मर्मत संभार)<br>6. लेटाङ नगरपालिका वडा नं १ को सेवाकेन्द्र कात्तिकेमा अधुरो शौचालय निर्माणका लागि रू६०,०००/- बजेट बिनियोजन गर्ने। (श्रोतः निर्मित सार्वजनिक सम्पत्तिको मर्मत संभार खर्च) |
| १२ | भुक्तानी प्रदान गर्ने। | १.लेटाङ नगरपालिका वडा नं २ मा स्थाई बसोबास गर्ने श्री नविन गौतम तथा भिमकुमारी गौतमको १२ बर्षिया नाबालिका अंशु गौतमको बेपत्ता भई मृत अवस्थामा फेला परेको साथै निजको घरको आर्थिक अवस्था नाजुक भएको हुँदा काजक्रिया खर्च साथै सव व्यवस्थापनका लागि लागेको खर्च रू६२६७५/- भुक्तानी प्रदान गर्ने। (श्रोतः वडा नं-२ कार्यक्रम खर्च)<br>२.लेटाङ नगरपालिका वडा नं २ को हराएको बालिका अंशु गौतमको खोजी कार्यको लागि गाडी भाडा बापत खर्च भएको रकम विल भर्पाई साथ प्राप्त भएकोले उक्त रकम रू ३९५००/-भुक्तानी प्रदान गर्ने। (श्रोतः अन्य भाडा )<br>३.लेटाङ नगरपालिका वडा नं २ लेटाङ बुधबारे बेलबारी सडकखण्डको जंगल |

<table>
<tr><td></td><td></td><td>क्षेत्रमा रहेको नक्सल पैनी कल्भर्टको स्ल्याप ढलान तथा श्रमदानमा लागेको खर्च रू१७६७७।५२ भुक्तानी प्रदान गर्ने। (श्रोतः मर्मत संभार कोष)</td></tr>
<tr><td>१३</td><td>एक वडा एक नगरको गौरवको योजना</td><td>लेटाङ नगरपालिकाको एक वडा एक नगरको गौरवको योजना अन्तर्गत देहायको वडामा देहायको योजना छनौट गर्ने।
<table>
<tr><th>क्र.सं.</th><th>योजनाको नाम</th><th>वडा नं</th><th>छनौटको आधार</th></tr>
<tr><td>१</td><td>प्रकाश मार्ग एजिङ</td><td>५</td><td>वडाको प्राथमिकतामा परेकोले</td></tr>
<tr><td>२</td><td>शिवालय मार्ग कालोपत्रे निर्माण</td><td>६</td><td>वडाको प्राथमिकतामा परेकोले</td></tr>
<tr><td>३</td><td>धमला मार्ग हुँदै सगरमाथा जोड्ने सडक कालोपत्रे</td><td>८</td><td>वडाको प्राथमिकतामा परेकोले</td></tr>
</table></td></tr>
<tr><td>१४</td><td>नगरपालिकाको संगठन संरचना सम्बन्धमा।</td><td>लेटाङ नगरपालिकाको कर्मचारी दरबन्दी तेरिज तथा संगठनात्मक संरचना यथार्थपरक र वस्तुनिष्ठ बनाउन आवश्यक रहेकोले संगठन संरचना तयार गर्न रू५००,०००/- बजेट बिनियोजन गर्ने। (श्रोतः सेवा तथा परामर्श)</td></tr>
<tr><td>१५</td><td>कर्मचारी पारिश्रमिक सम्बन्धमा।</td><td>लेटाङ नगरपालिका वडा नं ८ मा संचालित जाँते स्वास्थ्य चौकीमा ल्याव सेवामा कार्यरत कर्मचारी श्री लिला भट्टराईलाई मासिक रू१४०००/- का दरले पाँच महिनाको हुन आउने रू७००००/- भुक्तानी प्रदान गर्ने। (श्रोतः करार सेवा शुल्क)</td></tr>
<tr><td>१६</td><td>रकमान्तर सम्बन्धमा।</td><td>वडा कार्यालयको सिफारिसको आधारमा देहायको क्षेत्रमा बजेट रकमान्तर गर्न आवश्यक भई सिफारिस आएकोमा आगामी हिउँदे नगरसभाबाट अनुमोदन हुनेगरी देहायको बजेट रकमान्तर गर्ने।
<table>
<tr><th>क्र.सं.</th><th>योजनाको नाम</th><th>रकम</th><th>रकमान्तर भएको योजना</th><th>रकम</th></tr>
<tr><td>१</td><td>कृषि संकलन केन्द्र साझेदारी(एकिकृत जनभावना साकोस)</td><td>५०००००</td><td>गरापानी सामुदायिक वनको रानीवन क्षेत्रको पर्यटन पूर्वाधार निर्माण</td><td>९५०००</td></tr>
<tr><td>२</td><td>बिबिध कार्यक्रम खर्च</td><td>१२००००</td><td>पूर्वि पूतना तालिम शिक्षालय महाकाली मन्दिर निर्माण</td><td>४००००</td></tr>
</table></td></tr>
<tr><td>१७</td><td>पुरानो खानेपानी ट्याङ्की सम्बन्धमा।</td><td>लेटाङ नगरपालिका वडा नं १ मा नगरको गौरवको योजना अन्तरधार्मिक शान्ती पार्क निर्माणधिन रहेको स्थानमा पुरानो सिँचाई ट्याङ्की अवस्थित रहेकोमा उक्त ट्याङ्कीमा विगतमा पानी ल्याई रहेको मुहान गहिरिएको कारण उक्त स्थानमा पानी चड्न नसकेको साथै ट्याङ्कीमा पानी सिपेच समेत भई उक्त ट्याङ्कीको बिकल्पमा अर्को सिचाई ट्याङ्की निर्माण भएको हुँदा उक्त स्थानमा रहेको सिचाई ट्याङ्कीलाई डिस्मेन्टल गर्ने।</td></tr>
<tr><td>१८</td><td>प्रशासनीक भवन सम्बन्धमा।</td><td>लेटाङ नगरपालिकाको हालको प्रशासनीक भवन सार्वजनिक सेवा प्रवाह गर्नका लागि स्थान अभाव रहेको हुँदा वडा नं ३ लेटाङ, विरनमा हाल संचालनमा रहेको प्राथमिक स्वास्थ्य केन्द्र रहेको स्थानमा नगरपालिका प्रशासनीक भवन</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td>निर्माणका लागि आवश्यक प्रक्रिया अगाडी बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने। साथै उक्त स्थानमा संचालनमा रहेको अस्पताललाई वडा नं ५ को निर्माधिन १० शैया नगर अस्पताल निर्माण सम्पन्न भए पश्चात उक्त स्थानमा सार्ने।</td></tr>
<tr><td>१९</td><td>प्रशासनीक भवन DPR and BES सम्बन्धमा।</td><td>लेटाङ नगरपालिका वडा नं ३ लेटाङ, विरनमा नगरपालिका प्रशासनीक भवन निर्माण गर्नका लागि बृस्तित परियोजना प्रतिवेदन (DPR) र उक्त स्थानको संक्षिप्त बातावरणीय अध्ययन (BES) गर्नका लागि रू९००,०००/- बजेट बिनियोजन गर्ने। (श्रोतः पुँजिगत सेवा तथा परामर्श सेवा र अपुग रकम भैपरि पुँजिगत खर्च)</td></tr>
<tr><td>२०</td><td>कृतिमान भाउन्ने सडक सम्बन्धमा।</td><td>लेटाङ नगरपालिकामा हाल परामर्श सेवामा श्रोत अभाव भएकोले आगामी हिउँदे अधिवेशनबाट उक्त सडकमा डि.पि.आरका लागि बजेट बिनियोजन गरी डि.पि.आर गर्ने।</td></tr>
<tr><td>२१</td><td>विपद् व्यवस्थापन सम्बन्धमा।</td><td>लेटाङ नगरपालिकामा बिभिन्न वडा कार्यालयहरूबाट विपद् राहतका लागि सिफारिस साथ प्राप्त भएको देहायको विपद राहत प्रदान गर्ने। (श्रोतः विपद् व्यवस्थापन कोष)<br>देहायः
<table>
<tr><th>क्र.सं.</th><th>नाम थर</th><th>वडा नं</th><th>राहत रकम</th></tr>
<tr><td>१</td><td>गणेश विश्वकर्मा</td><td>५</td><td>१००००</td></tr>
<tr><td>२</td><td>नरबहादुर सुर्मछाने मगर</td><td>५</td><td>८०००</td></tr>
<tr><td>३</td><td>धनबहादुर मगर</td><td>५</td><td>८०००</td></tr>
<tr><td>४</td><td>धनविर राई</td><td>५</td><td>८०००</td></tr>
<tr><td>५</td><td>विजुली प्रसाद राई</td><td>९</td><td>१००००</td></tr>
<tr><td>६</td><td>दिल कुमार याख्खा</td><td>२</td><td>१००००</td></tr>
</table></td></tr>
<tr><td>२२</td><td>बजेट बिनियोजन सम्बन्धमा।</td><td>लेटाङ नगरपालिका वडा नं ५ मा अवस्थित लेटाङ अस्पतालमा जेनेरेटर राख्नका लागि भवन निर्माण गर्न आवश्यक भएकाले जेनेरेटर भवन निर्माणका लागि रू १०,००,०००/- बजेट बिनियोजन गर्ने। (श्रोतः भैपरी पुँजिगत खर्च)</td></tr>
<tr><td>२३</td><td>नदिजन्य पदार्थको बिक्रि वितरण सम्बन्धमा।</td><td>ढुङ्गा गिटी वालुवा उत्खनन् तथा व्यवस्थापन सम्वन्धी (पहिलो संसोधन )मापदण्ड २०७९ को दफा १२(१) मा ठूला रुपान्तरणकारी राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजनाहरुका लागि नदीजन्य पदार्थको अभाव हुन नदिन नेपाल सरकार प्रदेश सरकार स्थानीय तह र विकास साझेदारबाट सञ्चालित त्यस्ता आयोजनाहरुलाई आवश्यक पर्ने ढुङ्गा गिटी वालुवाको वातावरणीय अध्ययन प्रतिवेदनको पालना हुने गरी सम्वन्धित गाउँपालिका वा नगरपालिकाले नियमानुसारको शुल्क वा दस्तुर लिई आयोजना कार्यालयको सिफारिसमा तोकिएको स्थानबाट निर्माण सामग्री सङ्कलनको व्यवस्था मिलाउनु पर्ने छ भन्ने. कानुनी व्यवस्था रहेको हुदा नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सडक विभाग आयोजना निर्देशनालय (ए.डि.वी.) सासेक राजमार्ग अभिवृद्धि आयोजना कार्यालयहरुबाट नदिजन्य पदार्थको माग भइ आएकोले IEE प्रतिवेदनको आधारमा चिसाङ खोलाको किर्तिमान- कमलपुर नाकाबाट ४१ हजार ६ सय घन मिटर नदिजन्य पदार्थ दामासाहीले उपलब्ध गराउने ।</td></tr>
</table>